## १. विषादी खुद्रा विक्रेता ईजाजत पत्र प्राप्तगर्नका लागि आवश्यक प्रकृया एवं मापदण्डहरु ।

### ईजाजत पत्रको प्रकृया

नेपाली नागरीक भई जीवनाशक विषादी सुरक्षण तथा भण्डारण सम्बन्धि तालिम उत्तिर्ण भएका व्यक्तिहरुले विषादी खुद्रा बिक्रेता ईजाजत पत्र लिन चाहेमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा क्षेत्रीय बाली संरक्षण प्रयोगशालामा विषादी निरिक्षक समक्ष विषादी समितिले तोकेको ढाँचामा निवेदन दिनुपर्नेछ । तत्तपश्चात विषादी निरिक्षकले ईजाजत पत्रका लागि सम्पुर्ण प्रकृया अगाडी बढाउने छन् ।

### मापदण्ड एवं कागजातहरु :-

१. नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी थान-१
२. जीवनाशक विषादी खुद्रा बिक्रेता तालिममा पास भएको प्रमाण वा परिक्षा पास गरेको मिति
३. विषादी समिति द्वारा जारीगरिएको आवेदन फारममा दश रुपैयाको हुलाक टिकट र आवेदनमा माग गरे अनुसारको विवरण ।
४. विषादी निरिक्षकले पर्यवेक्षक सहित पसल तथा गोदाम वा पसल, गोदाम राख्ने स्थानको निरिक्षण गरेको प्रतिवेदन (चेक लिष्ट) वा पसल बिना भरिएको चेक लिष्ट ।
५. पाँच सय रुपैया नगद वा विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाको नाममा तयार गरिएको ड्राफ्ट ।

## २. ब्यवसायीक रुपमा विषादी छर्ने ईजाजत-पत्र प्राप्तगर्नका लागि आवश्यक प्रकृया एवं मापदण्डहरु

### ईजाजतपत्रको प्रकृया

विषादीको ब्यवसायीक प्रयोग कर्ता (छर्कने) ले विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखामा आफ्नो सम्पुर्ण विवरण सहितको आवेदन दिए पछि विषादी पञ्जिकरण शाखाले ब्यवसायीको क्षमता एवं ब्यवसायिक प्रयोगमा चाहिने औजार उपकरण तथा सुरक्षणका विविध पक्षहरुको निरिक्षण गरि तोकिएको मापदण्ड पुरा भएमा ईजाजत पत्र उपलब्ध गराउनेछ ।

### मापदण्ड एवं कागजातहरु :-

१. नेपाल सरकारको सम्बन्धित निकायमा कम्पनी दर्ता भएको प्रमाण पत्र ।
२. मुल्य अभिबृद्धि कर वा आयकर दर्ता प्रमाण-पत्र ।
३. कम्पनीको प्रोफाईल ।
४. विषादीको प्रयोग सम्बन्धी अनुभव
    - विषादीको प्रयोग गर्ने दक्ष तालिम प्राप्त जनशक्ति विवरण ।
    - ब्यवसायिक कामको अनुभव ।
    - विषादी सम्बन्धि ज्ञान ।
    - साक्षर एवं तालिम प्राप्त जनशक्ति ।

## ३. विषादी आयात एवं पञ्जिकरण प्रमाण-पत्र प्राप्तगर्नका लागि आवश्यक प्रकृया एवं मापदण्डहरु

### इजाजतपत्रको प्रकृया :

विषादी आयात गर्न चाहने ब्यक्ति, निकाय, संघ संस्थाले रितपुर्वकको निवेदन विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखामा दिए पछि विषादी पञ्जिकरण तथा ब्यवस्थापन शाखाले सामान्य नामबाट पहिला दर्ता भैसकेको विषादीको हकमा आवश्यक कागजात पुरा भए पछि पञ्जिकरण गरिदिन्छ, तर नयाँ सामान्य नामको विषादीको लागि प्राविधिक तथा कानुनी उप-समितिको निर्णयअनुसार विषादी पञ्जिकरण गर्ने वा नगर्ने वा ससर्त पञ्जिकरण गर्ने निर्णय गर्न सक्नेछ ।

### मापदण्ड एवं कागजातहरु :-

१. विषादी समितिले तोकेको ढाँचामा निवेदन ।
२. आधिकारीक थोक विक्रेताको प्रमाण-पत्र ।
३. निवेदन दिन लागेको विषादी नेपाललाई चाहिन्छ भन्ने कारण सहितको पत्र ।
४. विषादीको अवशेष विश्लेषण प्रतिवेदन ।
५. वातावरण विषाक्तता सम्बन्धि तथ्याङ्क ।
६. अन्य देशमा दर्ता भएको प्रमाण-पत्र ।
७. प्रभावकारिता सम्बन्धि तथ्याङ्क ।
८. विषादी प्रयोग तालिका ।
९. नेपाली भाषामा लेखिएको विषादी प्रयोग बारे पर्चा ।

१०. विषादीको सक्कली सुचकपत्र । (तीनप्रति)
११. अन्य कागजातहरु ।
१२. नगदी रसिद ।

## ४. विषादी संश्लेषण गर्ने ईजाजत पत्र प्राप्तगर्न चाहिने आवश्यक प्रकृया तथा मापदण्डहरु

### ईजाजतपत्रको प्रकृया :

विषादी संश्लेषण गर्न चाहने व्यक्ति, निकाय, संघ संस्थाले स्वीकृत IEE वा EIA रिपोट सहितको रितपुर्वकको निवेदन विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखामा दिए पछि शाखाले आवश्यक कागजात तथा संश्लेषण गर्ने उद्योगको भौतिक तथा प्राविधिक पक्षको निरिक्षण गरि उपयुक्त ठहराएमा विषादी संश्लेषण ईजाजत पत्र उपलब्ध गराउन सक्नेछ ।

### मापदण्ड एवं कागजातहरु :-

१. नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी थान १
२. नेपाल सरकारको सम्बन्धित निकायमा कम्पनी दर्ता भएको प्रमाण-पत्र ।
३. मुल्य अभिबृद्धि कर वा आयकर दर्ता प्रमाण-पत्र ।
४. कम्पनीको प्रोफाईल ।
५. तालिम प्राप्त दक्ष जनशक्तिको विवरण ।
६. EIA/IEE स्वीकृत भएको पत्र ।


नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
बाली संरक्षण निर्देशनालय
विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा
हरिहर भवन, ललितपुर
फोन :५०१०१११, ५५४१६०१, फ्याक्स नं. :५५४१६०१
Website: www.prmd.gov.np


# विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाबाट प्राप्त गरिने इजाजत पत्रहरुको प्रक्रिया एवं मापदण्डहरु





नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
बाली संरक्षण निर्देशनालय
विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखा
हरिहर भवन, ललितपुर
फोन :५०१०१११, ५५४१६०१, फ्याक्स नं. :५५४१६०१
Website: www.prmd.gov.np